जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

*कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाइँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।*

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : marganugamidaily@gmail.com, mgnd2070@gmail.com

बर्षः ११, अंकः ०३ पृष्ठः ४ | २०८१ वैशाख ०७ गते शुक्रबार (Friday 19 April 2024) | मूल्य रु. ५।- | इमेल : marganugamidaily@gmail.com

## धनगढीमाईका निजी स्रोतका शिक्षकले ९ महिनादेखि तलव पाएनन्




सिरहा, ६ बैशाख। धनगढीमाई नगरपालिकामा कार्यरत निजी स्रोत र सशर्त शिक्षण अनुदानका शिक्षकहरुले ९ महिलनादेखि तलव पाएका छैनन्। पालिकामा आन्तरिक स्रोतको कमि र आन्तरिक समस्याका कारण करिव २० जना शिक्षकहरुले तलव भत्ता नपाएका हुन्। निजी स्रोतमा सञ्चालित माध्यमिक विद्यालय र आधारभुत विद्यालयका शिक्षकले करिव एक वर्षदेखि नगरपालिकाले तलव भत्ता नपठाएको प्रधानाध्यापकहरुले बताए। उनीहरुले करिव एक वर्षबाट सशर्त शिक्षण अनुदान र निजी स्रोतका शिक्षकको तलव नआएको बताए।

आधारभुत विद्यालय, धनगढीमाई १३ कैलाशपुर भर्लेनीका प्रधानाध्यापक अमर कुमार योञ्जनले आफ्ना विद्यालयमा कार्यरत दुई जना शिक्षकको तलव भत्ताबापत रकम एक वर्षदेखि विद्यालयको खातामा नआएको बताए। उनले भने, 'उहाँहरुको तलव भत्ता एक वर्षदेखि आएको छैन, हामीले विद्यालयको स्रोतबाट थोरै पेश्की दिएका छौं।' जनता आधारभुत विद्यालय, धनगढीमाई १ बाखैरका प्रधानाध्यापक विनोद कुमार साहले पनि निजी स्रोतका शिक्षकको तलव भत्ता नगरपालिकाले यस आर्थिक वर्षमा एक पटक पनि नपठाएको बताए। उनले भने, 'सशर्त शिक्षण अनुदान र वडा कार्यालयको अनुदानका दुईजना शिक्षकको तलव पालिकाले निकाशा दिएका छैन। हामीले शिक्षकहरुलाई विद्यालयको आन्तरिक कोषबाट तलव दिईरहेका छौं। पालिकाले पनि अव चाँडै पठाउने भनेको छ।'

'सशर्त शिक्षण अनुदान र निजी स्रोतका शिक्षकको तलव भत्ताबापतको रकम लामो समयदेखि गएको छैन शिक्षा, युवा तथा खेलकुद शाखाका हरिनारायण सिंहले भने, 'मैले निजी स्रोत र सशर्त शिक्षण अनुदानमा कार्यरत शिक्षकहरुको तलवभत्ताको सम्पूर्ण कागजात लेखाशाखामा बुझाई सकेको छु, केहिदिन अघिसम्म सो रकम गएको छैन भन्ने जानकारी छ। तर, हिजो आज गएको भए मलाई जानकारी भएन, म आज विदामा छु।'

नगरक्षेत्रभित्र ७ जना कम्प्यूटर शिक्षकसहित करिव २० जना निजी स्रोतमा कार्यरत शिक्षकलाई पछिल्लो नौं महिनादेखि नगरपालिकाले तलव भत्ता पाएका छैनन्। लेखा अधिकृत पुरुषोतम कुमार प्रसादले आन्तरिक स्रोतबाट तलव व्यवस्थापन गर्नुपर्ने शिक्षकहरुको तलव सुवुधा जान सकेको थिएन, भर्खरै बजेट संशोधन गरीएको छ। अब कार्यालय प्रमुख आउनेदिनै पाउनु पर्ने सबै विद्यालयमा रकम जान्छ।' 'पहिला स्रोत व्यवस्थापन हुन सकिरहेको थिएन, स्रोत व्यवस्थापन भईसकेपछि कार्यालय प्रमुख सरुवा भएर जाने र आउने प्रकृया हुन थालेकाले ढिलो भएको हो अव चाँडै जानुपर्ने सबैको सेवा सुविधा जान्छ।' लेखा अधिकृत प्रसादले भने।

अधिकृत प्रसादले भने, 'अहिले म पनि विदामा छु, हाकीमसाव पनि विदामा भएकाले कार्यालय प्रमुख आएकैदिन रकम जान्छ।' यस सम्वन्धमा प्रमुख प्रशासकीय अधिकृतसँग सम्पर्क गरेपनि उनी विदामा रहेकाले सम्पर्क हुन सकेन। नगर प्रमुख शिवशंकर महतोले 'मैले जानकारी पाएसम्म सवै शिक्षक कर्मचारीको तलव चैत मसान्त सम्मको गई सकेको हुनुपर्छ। निजी स्रोतकाहरुको पनि दशैंसम्मको तलव खाएको भन्ने हो। गएको रहेनछ भने तत्काल पठाउन लाउँछु।' उनले यो प्रशासनको काम भएकाले पनि आफूलाई सवै जानबारी नहुने बताए।

## सार्वजनिक जग्गा खाली गर्न छिन्नमस्ता गा.पा.को आग्रह




राजविराज, ६ बैशाख। सप्तरीको छिन्नमस्ता गाउँपालिकाले पालिका भित्र अतिक्रमण गरिएको सार्वजनिक जग्गा खाली गर्न आग्रह गरेको छ। पालिका अध्यक्ष विद्यानन्द चौधरीले एक सुचना जारी गर्दै ३५ दिन भित्र जग्गा खाली गर्न अनुरोध गरेका छन्। 'अतिक्रमण गरिएका सार्वाजानिक ऐलानी जग्गा, पर्ती, गौचर, पोखरी, पोखरीको डिलहरु र गाउँ टोलहरुमा कब्जा गरिएका बाटो घाटोहरु खाली गराउने गाउँ सभा तथा कार्यपालिकाको निर्णय भएको हुँदा उक्त निर्णय कार्यन्वयन गर्न-गराउन आग्रह गरेका छौँ', पालिका अध्यक्ष चौधरीले भने।

'२०८० साल फाल्गुन ९ गते नेपाल सरकार गृह मन्त्रालय बाट जारि गरिएको विज्ञप्तिले कसैको निजि हक दर्ता भोगचलनमा रहेको बाहेकको सार्वजानिक एवं सरकारी स्वामित्व रहेको ऐलानी, संधिसर्पण, गौचरण घाट आदि जग्गाहरु कानुन विपरित कसैले आफ्नो नाममा दर्ता गरेको वा खास उद्देश्य वा प्रयोजनको लागी कुनै संस्थाको भोगचलन वा नियन्त्रणमा रहने गरी सुम्पेका वा जिम्मा दिएका सार्वजानिक र सरकारी जग्गाहरु बलजफ्ती अतिक्रमण वा कब्जा गरी निजि रुपमा दर्ता गरेको, दाखिला खारेज वा चलन चलाई हक हस्तान्तरण गरेको, लामो समय सम्म नियन्त्रण बाहिर रहने गरी लिजमा दिएको वा उद्देश्य विपरीत निजि कायम गरी गराई दुरुपयोग गरेको पाईएमा

**-बाँकी दुई पेजमा**

## मधेश प्रदेशमा तीन मन्त्री र एक राज्यमन्त्रीले लिए शपथ

जनकपुरधाम, ६ बैशाख। मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले विहीवार मन्त्री परिषद विस्तार गरेका छन्। चौथो पटक विश्वासको मत लिएपछि मुख्यमन्त्री यादवले तीन मन्त्री र एक राज्यमन्त्री थप गर्दै मन्त्रिपरिषद्को विस्तार गरेका हुन्। नवनियुक्त मन्त्रीहरुमा भरत प्रसाद साह विनाविभागीय, युवराज भट्टराई उद्योग वाणिज्य तथा पर्यटन, बेची लुङ्गेली विनाविभागीय मन्त्रीको जिम्मेवारी प्राप्त गरेका छन् भने शारदा थापा गृह, सञ्चार तथा कानून मन्त्रालयको राज्यमन्त्रीको जिम्मेवारी प्राप्त गरेका छन्।

साह र भट्टराई नेकपा माओवादी केन्द्रका हुन् भने लुङ्गेली एकीकृत समाजवादी र थापा नेकपा एमाले प्रदेश सभा सदस्य हुन्। नवनियुक्त मन्त्रीहरुले प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीबाट पद तथा गोपनियताको सपथ लिएका छन् भने राज्यमन्त्रीले मुख्यमन्त्री यादवबाट सपथ ग्रहण गरेका छन्।




**गर्मीयाममा लाग्नसक्ने रोगबाट छुटकारा पाउन**

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसमअनुसारका तरकारी एवं फलफूल उपभोग गरौं,
- सडेगलेको, बासी, जथाभावी राखिएका खानेकुरा नखाऔं,
- खुलास्थानमा राखिएका चटपटे, पानीपुरी, मःम, चाउमिनजस्ता खानेकुरा नखाऔं,
- धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
- घर बाहिर हिड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर,आँगन वा बसोबास गर्ने आसपासको क्षेत्रमा पानी जम्ने, खाल्डाखुल्डी, फोहोरको थुप्रो, कुहिएका बस्तुहरु भएमा हटाई सफा राखौं,
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## न्याय सम्पादन प्रक्रियामा सुधार अत्यावश्यक

केही कानुनहरू अध्यादेशमार्फत् संशोधन गरेर पनि आसन्न लगानी सम्मेलनको लागि सकारात्मक वातावरण बनाउन सरकार तत्पर भएको छ। लगानी प्रवर्धन गर्न बाधक देखिएका कानुनमा संशोधन गर्न सरकार तयार हुनु सकारात्मकै हो। यद्यपि, यस्तो संशोधन अध्यादेशभन्दा संसद्बाटै गरिएको भए सुनमा सुगन्ध हुनेथियो। तीव्रतर आर्थिक विकासका लागि अहिले निजी क्षेत्र र वैदेशिक लगानी लगभग अनिवार्य मानिन्छ। त्यसका लागि लगानीबाट अपेक्षित प्रतिफल प्राप्त हुने सुनिश्चितता लगानीकर्ताले खोज्छन्। विभिन्न राष्ट्रिय कानुनलगायत प्रशासनिक र न्यायिक प्रक्रियामा रहेका व्यवधान एवं जटिलताले भने लगानीको वातावरण बिगार्छन्।

नीतिगत स्थिरता र कानुनी सुधार भए लगानी सजिलै आकर्षित हुन्छ भन्ने धेरैले ठानेको देखिन्छ। फट्ट हेर्दा होजस्तो पनि लाग्छ। तर, कानुन जति नै उदार र प्रगतिशील बनाए पनि कार्यान्वयन प्रक्रिया प्रभावकारी नभए अर्थहीन हुन्छ। यो अहिले नेपालमा लगानी गर्न चाहनेदेखि सामान्य नागरिकसम्मले भोग्नुपरेको मूल समस्या हो। नेपालमा एकातिर प्रशासनिक झन्झट बढाउने कानुनी प्रक्रिया छन् भने अर्कातिर कानुनले दिएको अधिकार प्रचलन गराउने अर्थात् न्याय माग्ने प्रक्रिया र अभ्यास झन् जटिल र झन्झटिलो छ। न प्रशासनिक प्रक्रिया पारदर्शी छ न न्यायिक संयन्त्र र प्रक्रिया नै लगानीमैत्री छ।

सरकारले चाहे सजिलै कानुनमा सुधार गर्न सक्छ। राजनीतिक नेतृत्वको इच्छाशक्ति दृढ हुने हो भने प्रशासनिक झन्झट र जटिलता हटाउन पनि धेरै मुस्किल हुँदैन। किन्तु, न्यायिक संयन्त्र र प्रक्रियामा विद्यमान जडता हटाएर त्यसलाई समय सापेक्ष गतिशील बनाउनुपर्ने विषयमा भने अहिलेसम्म पर्याप्त चर्चासमेत हुनसकेको छैन। नेपालको न्यायिक प्रणाली एकातिर कमजोर छ भने अर्कातिर न्यायिक प्रक्रिया निकै जटिल, झन्झटिलो र अनुदार छ। यस्तो न्यायिक प्रक्रिया र संयन्त्र यथावत् राखेर कानुनमा सुधार गर्नु 'बालुवामा पानी खन्याउनु'जस्तो मात्रै हुन्छ। अर्थात्, न्याय सम्पादन प्रक्रियामा सुधार नगरी कानुनमा मात्र बनाएर लगानीकर्ताको त परै रहोस्, राज्यप्रति सामान्य नागरिकको विश्वाससमेत जगाउन सकिँदैन।

राजनीतिक अस्थिरताभन्दा कानुनी प्रक्रियामा हुने ढिलासुस्ती र जटिलताले आर्थिक सामाजिक क्रियाकलाप बढी प्रभावित हुन्छन्। अदालतमा मुद्दा बीसौं वर्षसम्म निर्णय नहुने वा प्राकृतिक न्यायका सामान्य सिद्धान्त पनि न्याय सम्पादनका क्रममा पालना नहुने हो भने कुनै पनि सुधार अर्थहीन हुन्छ। उदाहरणका लागि चोरीको कुनै मुद्दामा अदालतमा प्रमाणका रूपमा दसी पनि बुझाउनुपर्छ। मुद्दा बेलैमा फैसला नभएपछि यसरी दसीका रूपमा पेस गरिएका भौतिक सामग्री सडेगलेर जाने जोखिम धेरै हुन्छ। चोरी मुद्दामा बरामद मोटर र वा मोटर साइकल कबाडीमा पनि काम नलाग्ने हुन पुग्छन्। यस्तो अवस्थामा कसैको सामान चोरी भयो भने मुद्दा चलाउन तयार नहुनु स्वाभाविकै हो।

उद्योग व्यवसाय सञ्चालन गर्नेहरूले सामान्यतः आआफ्नै विधि र प्रक्रिया अपनाउँछन्। तिनलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको दायरामा ल्याउने वा आर्थिक मामिलामा फौजदारी अभियोग लगाएर थुनछेक गर्ने प्रवृत्ति बढेको छ। राजनीतिक प्रतिशोधका लागि प्रहरी प्रशासनको दुरुपयोग हुँदा पनि कतिपय अवस्थामा न्यायालय प्राकृतिक न्यायको सिद्धान्त उल्लंघनको साक्षी बस्ने गरेको अनेकौं उदाहरण छन्।

नेपालको न्याय सम्पादन प्रक्रियामा पक्कै पनि केही सुधार भएको छ। तर, यस्तो सुधार मूलतः भ्रष्टाचारको जोखिम कम गर्नेमा केन्द्रित देखिन्छ। न्यायपालिकामा पनि भ्रष्टाचार छ र त्यसलाई नियन्त्रण गर्नु जरुरी छ। न्यायालयका पुरातनपन्थी प्रक्रिया र खिया लागेको संयन्त्रलाई युगसापेक्ष आधुनिकीकरण गर्न राजनीतिक र न्यायिक नेतृत्वको ध्यान जाओस्।






# झन–झन् बढ्दै बलात्कारका घटना

## तीन वर्षमा बलात्कारसम्बन्धी ७ हजार २९९ मुद्दा

**सरिशा अछामी**

१७ वर्षीया किशोरीमाथि पटक–पटक बलात्कार गरी हत्या गरेको आरोपमा प्रहरीले उनकै काकालाई सोमबार पक्राउ गऱ्यो। पुर्चौडी नगरपालिका–४ का ती पुरूषले भतिजीमाथि पटक–पटक बलात्कार गरेको र गर्भ बसेपछि हत्या गरेको प्रहरी अनुसन्धानमा खुल्न आएको छ। जिल्ला प्रहरी कार्यालय बैतडीका प्रहरी निरीक्षक खेमविक्रम केसीका अनुसार ती युवती चैत २६ गतेदेखि हराएकी थिइन्। हराएकी दुई दिनपछि पुर्चौडी नगरपालिका–४ का स्थानीय जंगलमा उनको शव फेला परेको थियो। पोस्टमर्टमपछि उनको गर्भमा १८ हप्ताको बच्चा रहेको र टाउकोमा चोट लागेको देखिएपछि प्रहरीले घटनाको अनुसन्धान अगाडि इन्स्पेक्टर केसीले जानकारी दिए।

'अनुसन्धानको क्रममा किशोरीका काकाले पटक–पटक बलात्कार गर्दै आएको र गर्भ बसेपछि हत्या गरेको पुष्टि भएको हो,' प्रहरी निरीक्षक केसीले भने। किशोरीको हत्यामा आफ्नो संलग्नता रहेको स्वीकार ती पुरूषले गरिसकेका छन्। उनीविरूद्ध किशोरीका बाबुले हाडनाता करणी र कर्तव्य ज्यान मुद्दामा उजुरी दिएका छन्। उक्त घटनामा प्रहरीले थप अनुसन्धान गरिरहेको प्रहरी निरीक्षक केसीले बताएका छन्।

एक साताअघि बलात्कार आरोपमा दाङ तुलसीपुर उपमहानगरपालिका–१३ का ६२ वर्षीय मानबहादुर सुनार पक्राउ परे। उनीविरूद्ध १५ वर्षीया किशोरीमाथि बलात्कार गरेको आरोप थियो। चैतकै दोस्रो साता खोटाङमा १२ वर्षीय किशोरी बलात्कृत भइन्। उक्त घटनामा ३५ वर्षीय प्रकाश परियारलाई पक्राउ परे। उनले किशोरीलाई फकाएर आफ्नो घरमा लगेर बलात्कार गरेको आरोप छ। यो घटनामा पनि प्रहरीले अनुसन्धान गरिरहेको छ। यी प्रतिनिधि घटना हुन्। यस्ता घटनाहरू घट्नुको सट्टा बढेको प्रहरी अनुसन्धानले देखाउँछ।

प्रहरी प्रधान कार्यालयका अनुसार आर्थिक वर्ष २०७७ देखि ०८० सम्म (तीन वर्षमा) जबरजस्ती करणीका ७ हजार २९९ मुद्दा दर्ता छन् भने १ हजार ९०८ वटा मुद्दा जबरजस्ती करणी उद्योगका छन्। बलात्कार प्रयास भएको उजुरीलाई प्रहरीले जबरजस्तीकरणी उद्योगमा दर्ता गर्छ। आर्थिक वर्ष ०७७/७८ मा जबरजस्ती करणी २ हजार ५३२, जवर्जस्ती करणी उद्योगमा ७३५ मुद्दा दर्ता भएका थिए। सो वर्ष सबैभन्दा धेरै जबरजस्ती करणीको मुद्दा कोशी प्रदेशमा दर्ता भएको छ। कोशीमा प्रदेशमा ६०१ मुद्दा दर्ता भएको केन्द्रीय प्रहरी कार्यालयको तथ्यांक छ।

सोही वर्ष काठमाडौं उपत्यकामा बलात्कारसम्बन्धी २२७ मुद्दा दर्ता भएका छन्। ४ जनाको भने बलात्कारपछि हत्या भएका घटनाको मुद्दा छ। आथिक वर्ष ०७८/७९ मा जबरजस्ती करणीसम्बन्धी २ हजार ३८० मुद्दा दर्ता भएको थियो भने जबरजस्ती करणी उद्योगसम्बन्धी ६५५ मुद्दा दर्ता भएका छन्। सोही वर्ष पनि कोशी प्रदेशमै सबैभन्दा बढी बलात्कारसम्बन्धी मुद्दा दर्ता भएको प्रहरीको तथ्यांक छ। यसपालि कोशीमा बलात्कारसम्बन्धी ५१२ मुद्दा दर्ता भएका छन्। बलात्कारपछि हत्या गरिएका ९ वटा मुद्दा दर्ता भएका छन्। आर्थिक वर्ष २०७९/०८० मा बलात्कारका मुद्दा अझै उकालो लागेको छ।

यो वर्ष गत वर्षको भन्दा ७ वटा मुद्दा बढी दर्ता भएका छन्। यो वर्ष जबरजस्ती करणीको २ हजार ३८७ मुद्दा दर्ता भएका छन् भने जबरजस्ती करणी उद्योगसम्बन्धी ५१८ मुद्दा दर्ता भएका छन्। यो वर्ष पनि सबैभन्दा बढी कोशी प्रदेशमै मुद्दा दर्ता भएका छन्। जहाँ ५६७ मुद्दा भएको प्रहरीको तथ्यांक छ। उक्त वर्ष काठमाडौं उपत्यकामा भने ३१७ मुद्दा दर्ता भएका छन्। प्रहरीको तथ्यांक हेर्दा बलात्कारसम्बन्धी घटना दिनहुँ बढ्दै गइरहेको देखिन्छ। यस्ता घटना बढ्नुको कारणबारे हामीले प्रहरी, अनुसन्धानकर्ता र मनोचिकित्सकलाई सोधेका छौं।

प्रहरीको केन्द्रीय प्रवक्ता डीआइजी भीमप्रसाद ढकाल जनसंख्या, सहरीकरण बढ्दैजाँदा त्यही अनुपातमा यस्ता घटनाहरूपनि बढ्दै जाने बताउँछन्। अर्कातिर आफूविरूद्ध भएका अन्यायविरूद्ध आवाज उठाउने र न्यायिक लडाइँ लड्ने महिलाहरूको संख्या बढेको पनि उनले बताए। 'महिला दिदीबहिनी पहिलाको तुलनामा अहिले अलि धेरै सचेत हुनुभएको छ। बालबालिकामाथि हुने यौन दुर्व्यवहार तथा करणीका घटनाबारे प्रहरीमा जाहेरी दिनुपर्छ भन्ने चेतना फैलिएको छ,' उनले भने। सामाजिक सञ्जालका कारण पनि यस्ता घटनाहरू धेरै समय लुकेर बस्न नसक्ने उनको भनाइ छ। पछिल्लो समय सामाजिक सञ्जालको प्रयोगसँगै त्यसको दुरूपयोग पनि बढ्दै गएको छ, त्यसैले यस्ता घटनाहरू बढिरहेको डिआइजी ढकाल बताउँछन्।

'मदिरा सेवनपनि एउटा कारण मान्न सकिन्छ,' उनले भने, 'समाजमा यस्ता घटना बढ्नुको पछाडि सामाजिक संरचना, शिक्षा, अभिभावकले गर्ने व्यवहारदेखि धेरै कुराहरू पर्छन्।' समाजमा हुने बलात्कारका घटनाहरू न्यूनिकरणका लागि स्थानीय सरकार, समाजसेवी, स्थानीयले भूमिका खेल्नुपर्ने उनको भनाइ छ।' यस्ता घटना के कारणले भइरहेका छन् भनेर पत्ता लागाई ती कुरालाई न्यूनिकरण तथा रोकथाम गर्नतर्फ लाग्नुपर्छ,' डिआइजी ढकालले भने।

प्रहरीले पनि केन्द्र, जिल्ला, इलाकादेखि चौकीसम्म सचेतना कार्यक्रम चलाइरहेको छ। स्थानीय तहमा समुदाय–प्रहरी साझेदारी कार्यक्रममार्फत पनि यस्ता घटनाहरूबारे जनचेतना फैलाउने काम भइरहेको उनले बताए। समाजमा शंकास्पद व्यक्ति देखिएमा वा भेटिएमा प्रहरीलाई खबर गर्न उनले आग्रह गरे। सबैले आफ्नो जिम्मेवारी निर्वाह गरे यस्ता घटना घट्नसक्ने उनको भनाइ छ। त्यस्तै, अधिकारकर्मी तथा अनुसन्धानकर्ता रिता साहका अनुसार अहिले घटनासँगै उजुरी पनि बढेको छ। त्योसँगै सञ्चारमाध्यम र प्रहरीले जबरजस्ती करणी तथा यौन दुर्व्यवहारको घटनामा चासो देखाउन थालेको देखिन्छ।

'यस्ता घटना बढ्नुको कारण हाम्रो देशको पितृसत्तात्मक सोच र संरचना हो। घर, समाज र न्यायीक प्रणालीमा पुरूषलाई नै केन्द्रमा राख्ने र महिला कमजोर प्राणी हो, उनीहरू उपभोगका लागि मात्र बनेका हुन भन्ने सोच हो,' उनले भनिन्। तथ्यांकले बालिकाहरू बढी बलात्कृत हुने देखिएको पनि उनले बताइन्। त्यसमा उनी प्रहरीलाई गैरजिम्मेवार मान्छिन्। 'प्रहरीले १८ वर्षभन्दा माथिका महिलाका उजुरीलाई खासै महत्व दिँदैन। उनीहरूको सहमतीमै भएको भन्ने धारणा राख्छ,' उनले भनिन्। यस्ता घटनामा पीडक धेरैजसो आफ्नै घरपरिवारका सदस्य, नातागोता र छिमेकी हुने गरेका अनुसन्धानकर्ता साह बताउँछिन्।' जसलाई विश्वास गरिएको हुन्छ। त्यही व्यक्तिबाटै बालिका तथा महिलामाथि जबरजस्ती करणी हुने गरेको देखिन्छ,' उनले भनिन्, 'टाढाको मान्छेहरूले महिला तथा बालबालिकाको स्वभाव तथा उनीहरूको विश्वास जित्न समय लाग्छ।' कतिपय महिला तथा बालबालिकाहरू कानुनी प्रक्रियाबारे जानकारी नहुँदा घटनाहरू बाहिर नआएको उनको भनाइ छ।

अपराध संहिताको दफा २१९ ले कसैले कुनै महिलालाई मञ्जुरीविना करणी गरे वा मञ्जुरीमै भए पनि १८ वर्षभन्दा कम उमेरकी कुनै नाबालिकालाई करणी गरे बलात्कार गरेको मानिन्छकुन उमेरसमूहलाई कस्तो कारबाही हुने भन्ने विषय पनि अपराध संहिताले तोकेको छ। उक्त प्रावधानले १० वर्षभन्दा मुनिका बालिका करणी गर्नेलाई १० देखि १५ वर्षसम्म कैद हुनेछ। पीडित १० देखि १४ वर्षमुनिका बालिका भए ८ देखि १२ वर्षसम्म कैद हुने वा १४ देखि १६ वर्षमूनिको बालिका भए ६ देखि १० वर्षसम्म कैद हुने र १६ वर्ष वा सोभन्दा माथिको महिला भए ५ देखि ८ वर्षसम्म कैद हुने व्यवस्था छ।

यी दफाहरूमा हाडनाताबाहेकका जबरजस्ती करणी, कार्यालय वा पेसागत सेवा प्राप्त गर्ने व्यक्तिसँग करणी गर्न नहुने, बाल यौन दुर्व्यवहार, बालयौन दुरुपयोगदेखि अप्राकृतिक मैथुनसम्म पर्छन्। कानुनबारे अनभिज्ञ हुने वा त्यसको कार्यान्वयन पाटो कमजोर हुँदा यस्ता घटनाहरू बढेका उनको बुझाइ छ। समाजमा जति घटना घटेका छन्, त्यति बाहिर नआएको पनि उनको दाबी छ। उनका अनुसार समाजमा यौन दुर्व्यवहार नभोग्ने व्यक्ति महिला कमै छन्। त्यस्ता पीडितहरूले समाज तथा परिवारको साथ नपाउने र पीडितलाई नै अझै पीडित बनाइने भएकाले यसबारे खुलेर बोल्न नचाहेको उनले बताइन्।

'बलात्कृत किशोरी तथा महिलालाई नै परिवार तथा समाजले दोषी देखाउने, घटना बाहिर निस्किए विवाह हुँदैन भनेर तर्साउने प्रवृत्ति समाजमा व्याप्त छ,' उनले भनिन्। उनका अनुसार, न्यायीक प्रक्रिया अझै झण्झटिलो छ। बलात्कार केसमा कानुनले नै दोषी ठहर भएका पुरुषहरूलाई हिरो बनाइन्छ। त्यसैलेपनि पीडितहरू बाहिर खुलेर आउन नचाहेका हुन्। समाजमा बढ्दै गएका यस्ता घटनाहरू न्यूनीकरणमा राज्यले बलात्कारसम्बन्धी कानुन, सूचना, सचेतना तथा छोरा र छोरीलाई नैतिक शिक्षा दिनुपर्ने उनको भनाइ छ।

'छोरीलाई बच्चैदेखि के गर्ने, के नगर्ने भनेर सिकाइन्छ, छोरालाई पनि उसको दायित्व, महिला साथीसँग कस्तो व्यवहार गर्ने भनेर सिकाउन जरुरी छ,' उनले भनिन्, 'यदी यस्ता कुराहरू नयाँ पुस्तालाई सिकाउन सके बलात्कारका घटना घट्नसक्छ।' मनोविद अन्जन ढकाल बलात्कारका सबै घटनालाई एकै कोणबाट विश्लेषण गर्न नसकिने बताए। बलात्कारका सबै घटनामा पीडकको मनोविज्ञान एकै नहुने उनले बताए।

अहिलेका पुरूषहरूमा आफूले भनेको हरेक कुरा हुनुपर्छ भन्ने अहम भावना रहेको त्यसले गर्दा पनि यस्ता घटना बढेका मनोविद् ढकालले जानकारी दिए। उनका अनुसार आधुनिकताले गर्दा समाज जटिलतातिर गइरहेको छ। सामाजिक सञ्जाल त्यसबाट पर्ने प्रभाव सिकाइ नक्कल गर्ने माध्यम बनेका छन्। त्यसमा देखाइएका कुराहरू नक्कल गर्ने र समाजमा बढ्दो दुर्व्यसनीले पनि बलात्कारका घटना बढेका छन्।' हामीले केलाउँदा धेरै कारण छन्। व्यक्ति अनुसारको फरक कारण हुन्छ,' उनले भने, 'कस्तो समाज र परिवेशबाट हुर्किएको भन्ने कुराले फरक पार्छ।' पुरूषवादी सोच, सिकाइ, हुर्किएको वातावरणले यस्ता अपराधिक मनोविज्ञान बनाउनका मलजल गर्ने उनी बताउँछन्।

### सार्वजनिक...

त्यस्तो कार्य गर्ने व्यक्तिलाई कानुन बमोजिम कारबाही गरी पूर्ववत सरकारी, सार्वजानिक, संधिसर्पण ऐलानी आदि रुपमा कायम गर्ने प्रयोजनको लागी सो सम्बन्धि सत्य तथ्य सुचना सहितको विवरण संकलन गरी गृह मन्त्रालय पठाउन र त्यस्तो कार्य गर्ने उपर प्रचलित कानुन बमोजिम कारवाही प्रक्रिया अघि बढाउनका लागी सम्बन्धित स्थानीय तह सरोकारवाला निकाय संग समन्वय गर्न सबै जिल्ला प्रशासन कार्यालयलाई समेत पत्राचार गरिएको हुँदा सो को समेत कार्यान्वयन गराउने गरी जग्गा खाली गराउने भएकोले यो सुचनाको ३५ (पैतीस) दिन भित्र खाली गरी सहयोग गरिदिनुहुन अनुरोध छ,' जारी सुचनामा भनिएको छ।

तोकिएको समय भित्र अतिक्रमण गरिएका जग्गाहरु खाली नगरिए कानुन बमोजिम कारबाही गर्ने अध्यक्ष चौधरीले जानकारी दिए।

# ४५ टिप्स, महिलाले कसरी गर्ने आफ्नो स्वास्थ्यको ख्याल ?

गृहिणीहरु आफ्नो स्वास्थ्यलाई लिएर अलि हेलचेक्र्याइँ गर्छन्। जसकारण भविष्यमा गम्भीर स्वास्थ्य समस्याको जोखिम हुनसक्छ। योग र व्यायामका साथै स्वस्थ शरीरका लागि स्वस्थ आहार पनि महत्वपूर्ण हुन्छ। यसले रोगप्रतिरोधात्मक क्षमता बढाउन मद्दत गर्छ।

**महिलाका लागि स्वस्थ रहने ४५ टिप्स**

१. बिहान उठ्ने बित्तिकै सुरुमा तातो पानी पिउने बानी बसाल्नुपर्छ। त्यस्तै मनतातो पानीमा कागती वा मह मिसाएर पिउन सकिन्छ। यसरी गृहिणीहरुले दिनको सुरुवात दुइ गिलास मनतातो पानी पिउन सक्छन्।

२. आफूलाई स्वस्थ र तन्दुरुस्त राख्न दैनिक कम्तीमा आधा घण्टा व्यायाम गर्ने।

३. शरीरका लागि प्रतिदिन १५ सय क्यालोरी आवश्यक पर्ने भएकाले त्यसमा ध्यान दिने।

४. दैनिक भिटामिन एको आपूर्तिको लागि मेवा, स्ट्रोबेरी र मौसमी फलफूल खाने।

५. बिहानको खानामा दही, मौसमी हरियो सागसब्जी अनिवार्य रुपमा सेवन गर्ने।

६. बेलुकाको खाना राति सुत्नुभन्दा दुई–तीन घण्टा पहिला नै खाने, पेट आधा मात्र भरिनेगरी खाने।

७. दिनभरि ऊर्जावान् बन्न बिहान अनिवार्य ब्रेकफास्ट खाने,

८. बिहानको ब्रेकफास्टमा भिटामिन एको लागि स्याउ, मेवा र मौसमी फलफल फाइदाजनक हुन्छ।

९. भात वा रोटी, सागसब्जी, दाल दही खान सकिन्छ। यसले शरीरलाई तन्दुरुस्त बनाउन सहयोग गर्छ।

१०. सलादमा काँक्रो, क्याप्सिकन, गाँजर, मुला खान सकिन्छ। यसमा कागती र थोरै नुन मिसाएर खान सकिन्छ।

११. बेलुकाको खानामा एक कप दही पनि समावेश गर्न सकिन्छ।

१२. बेलुकाको खानामा सलाद बढी प्रयोग गर्न सकिन्छ। यसले मोटोपन हुनबाट जोगाउँछ।

१३. एकैचोटि धेरै खाना खानुको सट्टा छिनछिनमा खाने खानुपर्छ। र, नियमित योगा र व्यायाम गर्नुपर्छ।

१४. महिलामा डिहाइड्रेसनको समस्या धेरै हुने गर्छ। त्यसैले समय मिलाएर पानी पिउनुपर्छ तर खाना खाएको केही समयपछि मात्र पानी पिउनु स्वास्थ्यका लागि उपयुक्त मानिन्छ।

१५. महिलाहरु कामको चापको कारण समयमा सुत्न पाउँदैन् वा निद्रा पूरा हुँदैन। यसले गर्दा शरीरको हार्मोन प्रणालीले ठीकसँग काम गर्दैन। त्यसैले समयमा सुत्ने बानी बसाल्नुपर्छ।

१६. सकेसम्म घरको खाना खानु राम्रो हुन्छ।

१७. आफ्नो दैनिक खानामा हरियो सागसब्जी र फलफूल खाने।

१८. कामकाजी महिलाले दिनमा सकेसम्म ८ देखि १० गिलास पानी पिउने।

१९. अफिसमा लिफ्टको सट्टा भऱ्याङको प्रयोग गर्ने बानी बसाल्ने।

२०. बजार जाँदा सवारीसाधन चढ्नुभन्दा हिंडेर जाने बानी गर्ने।

२१. अफिसको खाजा बाहिर खानुभन्दा घरमै बनाएको खाजा, सलाद र फलफूल लिएर जान सकिन्छ।

२२. शरीरलाई स्वस्थ अनि राम्रो बनाउन हरियो सागसब्जी खाने गर्नुपर्छ। पालक, मेथी, बन्दाकोभी र मौसमी सागसब्जी खाने।

**तनाव र मोटोपन कम गर्न**

२३. तनावका कारण मधुमेह, मुटुरोगलगायत विभिन्न खालको स्वास्थ्य समस्या हुनसक्छ। त्यसैले सकेसम्म तनाव कम गर्ने कोसिस गर्नुपर्छ।

२४. हिजोआज मधुमेह, मुटुसम्बन्धी समस्या र क्यान्सर वंशाणुगत कारणले पनि हुने गर्छ। त्यसैले आफ्नो परिवारको स्वास्थ्य समस्याबारे पनि जानकारी राख्नुपर्छ।

२५. सकेसम्म नियमित रुपमा स्वास्थ्य जाँच गर्नुपर्छ।

२६. कुनै पनि प्रकारको स्वास्थ्य समस्या भएमा त्यसलाई हेलचेक्र्याइँ नगरी चिकित्सकलाई जाँच गराइहाल्नुपर्छ।

२७. धेरैजसो महिलामा आइरन र क्याल्सियमको कमी देखिन्छ। त्यसैले ४० वर्षको उमेर भएपछि शरीरमा आइरन वा क्याल्सियमको कमी छ कि छैन भनेर जाँच गर्नुपर्छ। कमी भएमा आफ्नो दैनिक खानपानमा पर्याप्त मात्रामा आइरन र क्याल्सियमको समावेश गर्नुपर्छ।



२८. सामान्य स्वास्थ्य समस्या आउँदा सकेसम्म प्राकृतिक रुपमै निको बनाउन प्रयास गर्ने, नभए मात्र चिकित्सकको परामर्शअनुसार औषधि खाने।

२९. सकभर बासी खाना नखाने, यसले कमजोर हुने र काम गर्ने बेला रिंगटा लाग्ने हुनसक्छ।

३०. शरीरमा हार्मोनको कारण पनि तनाव हुनसक्छ। त्यसैले हार्मोन प्रक्रियालाई सन्तुलन गर्न पूरा समय निदाउने।

३१. तनावमुक्त रहन योग, नृत्य, एरोबिक गर्न सकिन्छ।

**तौल घटाउन**

३२. नकारात्मक सोचबाट टाढा रहने, सकारात्मक सोच्ने।

३३. दैनिक नियमित व्यायाम गर्ने।

३४. ३० वर्षको उमेरपछि महिलाको हड्डी कमजोर हुन थाल्छ। त्यसैले दैनिक खाने भोजनमा क्याल्सियमयुक्त सागसब्जी समावेश गर्ने।

३५. महिलाहरु स्तन परीक्षण गर्न चासो दिंदैनन्। तर ४० वर्ष नाघेपछि अनिवार्य मेमोग्राम गराउनुपर्छ।

३६. बिहान उठ्दा थकान, दिनभर काम गर्न असहज महसुस भएमा चिकित्सकलाई जाँच गराइहाल्नुपर्छ।

३७. दैनिक खाने भोजनमा दूध र दुधजन्य परिकार, गेडागुडी, भटमास, मेवा, टोफु, माछामासुजस्ता प्रोटिन र क्याल्सियमयुक्त खाना खानुपर्छ।

३८. डिहाइड्रेसनबाट बच्न र पाचन प्रणाली स्वस्थ राख्न पर्याप्त मात्रामा पानी पिउनुपर्छ। दिनमा कम्तीमा तीन–चार लिटर पानी पिउनुपर्छ। धुम्रपान र मद्यपानबाट टाढा रहनुपर्छ।

३९. दैनिक व्यायामको लागि २० मिनेट छुट्याउनुपर्छ। कहिलेकाहीं जगिङ मात्रै पनि गर्न सकिन्छ।

४०. एकैचोटि टन्न खानुको सट्टा पटक–पटक थोरैथोरै खाने बानी बसाल्ने। यसले मोटोपनको समस्या हुँदैन।

४१. सकभर बिहान र बेलुकाको खाना खाइसकेपछि हिंड्ने बानी गर्ने। एक घण्टा काम गरिसकेपछि एक मिनेट ब्रेक लिनुपर्छ।

४२. ४० वर्ष नाघेपछि प्रत्येक दुई वर्षमा बोन डेन्सिटी अर्थात् हाडको जाँच गराउनुपर्छ।

४३. शरीरमा कुनै किसिमको गाँठो वा अन्य कुनै समस्या भएमा हेलचेक्र्याइँ नगर्ने। ४० वर्षको उमेरपछि हरेक वर्ष स्वास्थ्य परीक्षण गराउने।

४४. एनिमियाका कारण थकान, सास फुल्ने, ध्यान केन्द्रित गर्न नसक्ने जस्ता समस्या हुनसक्छ। त्यसैले दैनिक आहारमा पौष्टिक र आइरन पर्याप्त मात्रामा समावेश गर्ने।

४५. कुनै पनि स्वास्थ्य समस्या भएमा चिकित्सकलाई जाँच नगराई केही नखाने, यसले हानि पनि गर्न सक्छ।

नवभारत टाइम्सबाट




# निर्वाचन पद्धति नबदली के बदलिएला र खोइ !

**डा. नरनाथ पाण्डे**

नेपालको संविधान २०७२ ले नेपालमा लगभग गठबन्धनको सरकारकै परिकल्पना गरेको कुरा मिल्न जाने देखिन्छ। बहुदलीय पद्धतिमा विभिन्न दलहरू चुनावमा जान पाउने र सबैले आ–आफ्नो घोषणापत्र अनुसार जनतालाई आफ्नो पक्षमा मत हाल्न रिझाउन सक्ने प्रावधान एकातिर छ भने अर्कातिर नेपालमा समानुपातिक निर्वाचन पद्धति पनि रहेको छ। जस्तासुकै दलले जतिसुकै मत ल्याएर प्रत्यक्ष चुनावमा जित हासिल गरेतापनि आखिर दललाई दिइने मत समानुपातिक मतका आधारमा पुनः बन्द सूचीभित्र रहेका उम्मेदवारहरू छनोट हुने भएपछि प्रत्यक्षतर्फ आएको चुनावको नतिजा मात्र निर्णायक हुँदैन।

यसका लागि कुन दलका कति उम्मेदवार छनोट भए भन्न समानुपातिकतर्फको मतको समेत गणना गरेपछि मात्र आकलन गर्न सकिने परिस्थिति आउँछ। यस्तो खालको चुनाव पद्धतिले प्रायः कुनै पनि दलको स्पष्ट बहुमत आएर सरकार गठन भई पाँच वर्ष पूरा अवधि सरकार सञ्चालन हुने कुरा असम्भवप्रायः देखिन्छ। यस्तो पद्धति अनुसार चुनाव हुँदा कुनै पनि दलको स्पष्ट बहुमत नहुने भएकाले अरू दलहरूसँग साँठगाँठ गरी सरकार बनाउनुपर्ने हुन्छ। यसरी विभिन्न दलहरूसँग मिलेर सरकार बनाउने क्रममा सरकारको आयु निकै छोटो हुनसक्ने तथ्य नेपालमा भर्खरै देखिएको छ।

त्यसो त स्पष्ट बहुमत वा दुई तिहाइ बहुमत आएर पनि दलभित्रको आन्तरिक किचलोका कारण पूरा अवधि सरकार टिक्न नसकेर पतन भएको उदाहरण पनि नेपालमा छँदैछ। त्यसकारण कुनै अमूक दलले स्पष्ट बहुमत ल्याए पनि सरकार फेरबदल भइरहने सम्भावना देखिंदैछ। अर्को कुरा यसरी सरकार बनाउने उद्देश्यले दलहरूले जनतालाई झुक्याएर अर्कै चुनाव चिह्नमा मत माग्न सक्ने र चुनाव अघि नै गठबन्धन गरी जनताको मतलाई समेत दिग्भ्रमित पार्ने काम हुनसक्दोरहेछ जुन उदाहरण भर्खरै सम्पन्न भएका चुनावहरूमा देखिएको छ। जसको गोत्र, जात, सिद्धान्त, नीति, नियम र लक्ष्य नै मिल्दैन त्यस्ता दलहरूबीच चुनाव अघि नै गठबन्धन गरी जनतालाई स्वेच्छाले मत हाल्नबाट वञ्चित गरेका उदाहरण हाम्रासामु छर्लङ्गै छन्।

जसोतसो चुनावको परिणाम गठबन्धनले आफ्नै पोल्टामा पारे तापनि सरकार गठनमा सकस देखिने सम्भावना हुँदोरहेछ, जसको उदाहरण पनि हामीले देख्यौं र भोग्यौं पनि। उदाहरणका लागि गएको निर्वाचनको चुनावी परिणाममा माओवादी केन्द्र ३२ सिटका साथ राष्ट्रिय दलका रूपमा तेस्रो दल बन्न पुगेको थियो भने कांग्रेस पहिलो, एमाले दोस्रो र रास्वपा चौथो दल बनेका थिए। यस अवस्थामा सरकार गठनका लागि तीनवटै दलहरूले आफ्नो लविङ सुरु गरे र राजनीतिक चतुर खेलाडी माओवादी केन्द्रका अध्यक्ष दाहालले बाजी मारे।

उनी त्यसबेला प्रधानमन्त्री पद पाउनका लागि यति आतुर थिए कि उनी प्रधानमन्त्री नभए देशमा खतराको घण्टी बज्ने उद्घोष समेत गरेका थिए। यथार्थमा यसपटक

–बाँकी अन्तिम पेजमा

# एकीकृत घुम्ती सेवाप्रति स्थानीयमा उत्साह

महोत्तरी, ०६ वैशाख। स्थानीयतहमा राज्यका विभिन्न निकायद्वारा सञ्चालन गरिने एकीकृत घुम्ती सेवाप्रति सर्वसाधारणमा क्रमशः चासो बढेको पाइएको छ। साथै घुम्ती सेवाबाट उनीहरू उत्साहित पनि भएका छन्। मटिहानी नगर कार्यपालिकाको कार्यालयले बस्तीबस्तीमा थालेको घुम्ती सेवाप्रति सर्वसाधारणबिच आफ्ना ठाउँका आवश्यकता र तिनको समाधानका बारेमा छलफल पनि बढाएको हो। नगर कार्यपालिकाको कार्यालयले सबै वडा बस्ती पुग्ने तालिकासहित सोमबार थालिएको एकीकृत सेवा टोलीमा जनसहभागिता बढ्दै गएको कार्यालयका योजना अधिकृत राजेशकुमार शर्मा बताउछन्।

नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयबाट सम्पादन हुँदै आएका जनसरोकारका काम एकीकृत घुम्ती सेवामा समावेश गरिएको छ। उक्त सेवाअन्तर्गत जन्मदर्तासहितका घटना दर्ता, नागरिकता तथा अन्य महत्वपूर्ण कामका निम्ति दैनिक हुँदै आएका सिफारिसका अतिरिक्त योजनासम्बन्धी अभिमुखीकरण, छलफल र सम्झौता, व्यवसाय दर्ता तथा नवीकरण, ज्येष्ठ नागरिक परिचयपत्र वितरण, नाता प्रमाणित, अपाङ्गता परिचयपत्रका लागि दरखास्त संकलन, निःशुल्क स्वास्थ्य परीक्षण तथा औषधि वितरणसहितका कार्यक्रम समाविष्ट छन्।

यसैगरी कृषिसम्बन्धी विज्ञबाट माटो परीक्षण, कृषि मिटर सिफारिस र तरकारीका मिनी कीट वितरण गरिँदै छ। घुम्ती सेवामा पशुबस्तुको गोबर र गर्भ परीक्षण, पशुपक्षीसम्बन्धी विभिन्न स्वास्थ्य समस्याबारे परामर्श तथा औषधि वितरणका कार्यक्रम पनि छन्। यसै कार्यक्रममा राजस्व असुली, गरिब परिचयपत्र वितरणसहितका वडा कार्यालयबाट प्रवाह हुने व्यक्तिगत घटना दर्तालगायत सेवा पनि समावेश गरिएको छ। एकै ठाउँमा विविध सेवा प्रवाहले विभिन्न कार्यालयबाट हुँदै आएका काम सर्वसाधारणले आफ्नै बस्तीमा सजिलै पाएका छन्। घुम्ती सेवाले भएका जनसरोकारका विकासे कार्यबारे आम चासो बढाएको मटिहानी नगरका उपप्रमुख मञ्जुदेवी साह बताउछिन्। यस क्रममा व्यक्तिगत घटना दर्ताबारे सचेतना बढेको र स्थानीय आवश्यकताबारे योजना बनाउन सर्वसाधारणको सहभागिता बढेको उनी बताउछिन्।

नगर कार्यपालिकाको कार्यालयले जनसरोकारका काममा सर्वसाधारणको चासो बढाउन र सम्पादित कामबारे आम उपभोक्ताको धारणा समेट्न यो कार्यक्रम सहयोगी हुने जनाएको छ। आफ्नै बस्तीमा नगर प्रमुख, उपप्रमुख, वडाध्यक्षसहितका जनप्रतिनिधि, कार्यालयका अधिकृत कर्मचारी र विभिन्न शाखाका प्रमुखलाई एकै ठाउँमा भेटेपछि सर्वसाधारण खुलेर आफ्ना आवश्यकता र कामबारे टिप्पणी गर्ने भएका छन्। मुख्यरुपमा जनसरोकारका काममा जनसहभागिता बढाउने उद्देश्यसाथ सुरु गरिएको एकीकृत घुम्ती सेवाको कार्यक्रमलाई निरन्तरता दिइने नगर प्रमुख हरिप्रसाद मण्डल बताउछन्। नगरमा नौ वडाका ५० भन्दा बढी बस्ती छन्। यो सेवा सबै बस्तीमा पुर्याइने प्रतिबद्धता उनी व्यक्त गर्छन्।

जिल्लाको दक्षिणपूर्वमा अवस्थित भारतसँग सीमा जोडिएको मटिहानीमा प्रारम्भ भएको यो कार्यक्रमको प्रभावकारिताबारे अब छिमेकका स्थानीयतहका सर्वसधारणमा पनि चासो बढेको छ। जलेश्वर, पिपरासहितका मटिहानीसँग सीमा जोडिएका स्थानीयतहका सर्वसाधारणले आफ्ना प्रतिनिधिसँग यस्तो कार्यक्रम आफ्ना गाउँठाउँमा पनि शीघ्र आयोजना गर्न अनुरोध गर्न थालेका छन्।

# निर्वाचन पद्धति

गठबन्धनको बलमा चुनाव नलडेका भए र प्रचण्ड प्रधानमन्त्री हुन नपाएका भए वास्तवमा उनी र उनको पार्टी समेत शिला खोज्नुपर्ने अवस्थामा पुग्ने थिए भन्ने अड्कल गर्ने जमात पनि बढी थियो। उनलाई प्रधानमन्त्री दिने कुरा यस्तो अवस्थाले जुराएको थियो कि एमाले वा कांग्रेसमध्ये जसले उनलाई प्रधानमन्त्री स्वीकार गर्छ, त्यो दल समेत मिलेर सरकार बनाउन पाउने सम्भावना हुने भएकाले सरकार बनाउन तेस्रो दलको चित्त बुझाउनुपर्ने चुनौती एमाले र कांग्रेस दुवैलाई थियो।

त्यसबखत माओवादी केन्द्र निर्णायक शक्तिको रूपमा उपस्थित थियो र अद्यापि अहिलेको सरकार गठन हुँदा समेत उसको निर्णायक क्षमता अझै छँदैछ। यसैको फाइदा उठाउँदै राजनीतिक खेलाडी प्रचण्डले कांग्रेससँग लाखौं प्रयत्न गर्दा पनि प्रधानमन्त्री दिनका लागि कांग्रेस टसको मस नहुँदा अन्ततः एमालेले समर्थन गर्ने भयो र त्यतिबेला एमालेसँग दाहाल नजिकिएर आफ्नो नेतृत्वमा सरकार समेत गठन गर्न पुगे।

त्यसपछि सत्ताको हालीमुहालीको सपना देखिरहेको कांग्रेसले झल्याँस्स होशमा आएपछि एमालेसँग साँठगाँठ गरेका प्रचण्डलाई बल्ल प्रधानमन्त्री दिने गरी फकाउन सुरु गर्‍यो र प्रचण्ड फकाउन देउवा सफल भए। उथलपुथल रुचाउने अस्थिर स्वभावका प्रचण्डले पुरानै गठबन्धनकै समर्थन पाउने भएपछि चर्चित राजनीतिक खेलाडी ओलीसँग भन्दा पुरानै गठबन्धनसँग आफ्नो सरकारी यात्रा सहज हुने आकलन गरी लगत्तै एमालेको साथ छाडेर पुनः देउवाको खोपीतर्फ गए।

अब तेस्रो शक्तिवाला माओवादी प्रचण्ड, पहिलो शक्तिशाली दल कांग्रेसका देउवा र गठबन्धनकै अर्को दल एकीकृत समाजवादीका माधव नेपालले विभिन्न लिखित सहमति गर्दै आलोपालो प्रधानमन्त्री बन्ने गरी सरकार गठन गरे। त्यस्ता लिखित सहमतिलाई सहमतिमै सीमित गर्ने तर काम अर्कै गर्ने स्वभाव गठबन्धनका दलमा देखापर्न थाले र एकले अर्काको विश्वास गुमाउँदै लगे। लिखित सहमति अनुसार एक वर्ष सरकारमा बसिसकेका दाहालको अवधि सकिँदै थियो र माधव नेपालको प्रधानमन्त्री बन्ने पालो आउँदै थियो।

यसैबीचमा दाहालले आफ्नो प्रधानमन्त्री पद कायम राखिरहन फेरि अर्को जुक्ति निकाल्दै थिए। उता एमाले पनि गठबन्धन जसरी पनि भत्काउने रणनीतिक योजनामा थियो भने राष्ट्रिय दलका चौथा भाइ रास्वपाका रवि पनि सरकारमा जाने र गृहमन्त्री नै हुने दाउमा थिए। यस्तै परिस्थितिले गर्दा पुरानो गठबन्धनलाई विभिन्न आरोप लगाउँदै प्रचण्डले भइरहेको गठबन्धन तोड्दै उनकै भाषामा उथलपुथल ल्याउँदै नयाँ गठबन्धन गर्न पुगे।

यस्तो सहमति गर्दा दाहाललाई निकै फाइदा हुनेभयो। त्यसकारण दाहालले आउँदै गरेको राष्ट्रिय सभाको चुनावमा अध्यक्ष पड्काउनेदेखि लिएर पुनः दुई वर्ष प्रधानमन्त्री बन्न पाउने लिखित सहमति गर्दै एमाले र रास्वपासँग गठबन्धन गर्न पुगे र प्रधानमन्त्री भइछाडे। उता पालो पर्खेर च्याल काढ्दै बसेका माधव नेपाल बिचल्लीमा परे भने ज्योतिषीको भविष्यवाणीलाई मुख्य आधार मानेर पालो पर्खेर बसेका देउवा त झण्डै बेहोश नै भए। यसरी नेपाली राजनीतिमा उतारचढाव आइरहेको छ।

यो सबै परिणाम हुनुको कारण नेपालको संविधानमै व्यवस्था गरिएको समानुपातिक चुनाव पद्धति र प्रत्यक्ष कार्यकारी पदको निर्वाचन पद्धति नहुनु हो भन्नुमा अब कुनै शंका रहेन। यो अवस्था त्यतिञ्जेल जारी रहने सम्भावना छ, जतिञ्जेल संविधान संशोधन भएर देश प्रत्यक्ष कार्यकारी प्रधानमन्त्री वा राष्ट्रपति प्रणालीमा जाँदैन। अथवा कार्यकारी पदको निर्वाचन जनताद्वारा सीधै प्रत्यक्ष निर्वाचित हुने व्यवस्थामा देश प्रवेश गर्दैन तबसम्म सरकार गठन र विघटनका खेलहरू चलिरहने लगभग निश्चित छ।

त्यसकारण देशलाई अझै भुमरीमा राखिरहन नहुने र मात्र सरकार गठन तथा विघटनका पुरानै फोहोरी खेल दोहोरिने भएपछि विश्वको उत्कृष्ट भनिएको यो संविधानको निर्वाचन पद्धतिलाई अब संशोधन गर्ने बेला भएन र ? यसै त हामी अभागी मानी नेपालीहरू प्राचीनकालदेखि नै विभिन्न परिस्थितिले ठगिँदै आइरहेका छौं। हाम्रो भू–बनोट वा भौगोलिक अवस्था र समुद्रमा सीधा पहुँच नहुँदा हामी विश्वबाटै उपेक्षित छौं। हाम्रो देशमा अथाह प्राकृतिक स्रोतसाधन छँदाछँदै पनि उत्खनन् गर्ने र सदुपयोग गर्ने क्षमता हामीमा छैन। पेट्रोलियम पदार्थ र खनिज पदार्थको आयातमै हाम्रो बजेट रित्तिने गरेको छ। तमाम पेट्रोलियम पदार्थका खानीहरू, युरेनियम तथा फलाम लगायत अन्य खनिज तत्वका खानीहरू अलपत्र छन्।

२१औं शताब्दीका हामी उत्तरआधुनिक मानवहरू नेपालमा फरक ढंगले बाँचिरहेका छौं। संसारको लय तीव्र विकास निर्माण र प्रविधिमा आकर्षित छ, अन्तरिक्षमा मानव बस्ती बसाल्ने चक्करमा छ तर हामी स्वाभिमानी नेपालीले त्यस्ता कुरा सुन्दा अझै दन्त्यकथा जस्तै लाग्छन्। हाम्रो शिक्षाको तह अझै ८० प्रतिशत पुग्न सकेको छैन। हाम्रो देशमा सावाँ अक्षर पनि पढ्न–लेख्न नजान्ने अझै २० प्रतिशत भन्दा बढी जनसंख्या रहेको छ।

विज्ञान र प्रविधिको चरम विकासको युगमा आइपुग्दा पनि हामी सामान्य झाडापखाला र ज्वरोका कारण ज्यान गुमाउन विवश छौं। अझै सुत्केरी हुन उपयुक्त स्वास्थ्य संस्था र स्वास्थ्यकर्मी नपाएर हाम्रो ज्यान जाने गरेका उदाहरण छन्, खान नपाएर कुपोषित भएर मर्ने बच्चाहरूको संख्या उच्च छ। बेरोजगार भएर विदेशिनुपर्ने, आर्थिक स्थिति कमजोर भएर विदेशिनुपर्ने, घरबार बिगारेर जानुपर्ने, देशभित्र कुनै सम्भावना नदेखेर बाहिर जानुपर्ने तथा भने जस्ता विषय देशभित्र पढ्न नपाएर विदेश जानुपर्ने त कति छौं कति भनेर साध्य नै छैन।

यस्तो अवस्थामा देश पुग्दा पनि अझै हामी सरकार गठन र विघटनका खेलमा अलमल्ल परिरहेका छौं। यसबाट देशलाई कसरी पार लगाउने ? अब सोच्नुपर्ने बेला भएन र ? कि यस्ता कुरा गर्दा संविधान विरोधी भइने त होइन ? जनताको ढाडमा टेकेर टाउकोमा प्रहार गर्ने काम त गरिएको छैन, एकपटक सोचौं त !

# जलेर आमाछोरी मृत्यु प्रकरण : हत्या कि आत्महत्या ?

जनकपुरधाम, ६ वैशाख। बुधबार राति ८ बजेतिर जनकपुरधाम उपमहानगरपालिका– १६ कपिलेश्वरमा पोखरी नजिक स्थानीयले बच्चा चिच्याएको आवाज सुने। आवाज आएतिर हेर्दा आगो झिलिक्क बलेर निभ्न लागेको जस्तो देखे। तत्कालै स्थानीयले प्रहरीलाई फोन गरे र दौडेर त्यहाँ पुगे। 'महिलाको लुगा जलेर जिउ पोलेर मृत्यु भइसकेको थियो सानो बच्चा जिउमा आगो लागेर चिच्याइरहेकी थिइन्। छेउमै त्यहाँ मोबाइलको टर्च बलिरहेकै थियो। जलेर हल्का बाँकी रहेको प्लास्टिकको बोतलमा मट्टितेलको जस्तो गन्ध आयो', एक प्रहरी अधिकारीले भने।

ती प्रहरी अधिकारीका अनुसार बालिकालाई उपचारका लागि तत्कालै जनकपुर प्रादेशिक अस्पतालतर्फ पठाइयो, तर बाटैमा मृत्यु भयो। बिहीबार दिउँसो प्रहरीले मृतकको सनाखत पनि गरेको छ। उनीहरु थिए, महोत्तरीको मनरा सिसवा नगरपालिका–२ की २३ वर्षीया प्रियंका महतो कानु र उनकी छोरी १० महिनाकी माही महतो। धनुषाका प्रहरी प्रवक्ता डीएसपी रञ्जन अवाले घटनास्थलको प्रकृतिले आमाछोरीको हत्या वा आत्महत्या प्रष्ट नभएको बताए। 'अहिलेसम्मको स्थिति हेर्दा आत्महत्या गरेको जस्तो देखिन्छ। अन्य मान्छेको संलग्लनता अहिलेसम्म खुलेको छैन। हत्या भएको जस्तो प्रमाणहरु फेला परेको छैन। तापनि हामी प्राविधिक तर्फबाट पनि अनुसन्धान गर्दै छौं। त्यसबाट केही खुल्छ कि', उनले भने।

ससुरा फेकन महतोका अनुसार वैशाख १ गते पाखुरा दुखेको भन्दै प्रियंका उपचार गराउन भन्दै माइत गएकी थिइन्। बुधबार दिउँसो १२ बजेतिर उपचारको लागि छोरीसँगै प्रियंका जनकपुरधाम आएकी थिइन्। बुबा श्रवण महतोले नदेखेपछि अपरान्ह ५ बजेतिर घरमा खोजी गर्दा दिउँसै जनकपुर उपचार गराउन घरबाट हिँडेको थाहा पाए। 'म खाना खाएर सुतेको थिएँ। पाँचबजे उठेपछि तरकारी लिन बजार जाने बेला सोधेँ, बेटी खोई ? अनि परिवारबाट उपचारको लागि जनकपुर गइन् भन्न थाहा पाएँ साँझसम्म घरमा बाटो कुर्दा आइनन्। राति १० बजेतिर फोन आयो छोरी नातिनी यस्तो अवस्थामा भेटियो भनेर', उनले भने।

प्रियंकाका श्रीमान सुमित गाउँमै मजदुरी गर्छन्। श्रीमान–श्रीमतीबीच ठूलो मनमुटाव भएको पनि नदेखिएको दुबै परिवारको भनाइ छ। ससुरा फेकनले बुहारीको हत्या भएको आशंका गरेका छन्।




मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादव, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक**
**कार्यालय** : गोलबजार न.पा–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ website : www.marganugami.com, *e-mail : marganugamidaily@gmail.com* **मुद्रक** : यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)